

**के तपाईंको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस् !**

**चिन्ताको समाधान Waterproofing ले गर्नेछ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।**

**सम्पर्क: प्रगति ट्रेड कन्सर्न**

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

**सम्पर्क:**

**०६१-५७०६५१, ९८५६०७५५७५**



❑ वर्ष २४ ❑ अङ्क २८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक २० गते सोमबार ❑ 6 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## भूकम्पमा ज्यान गुमाउनेको अन्त्येष्टि र पीडितलाई राहत वितरण

**रासस**

काठमाडौँ, १९ कार्तिक

शुक्रवार राति गएको भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा निधन हुनेको सङ्ख्या एक सय ५७ पुगेको छ । सो घटनामा जाजरकोटमा एक सय पाँच र रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको तथ्याङ्क प्राप्त भएको सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

भूकम्पमा परी जाजरकोटमा एक सय १२, रुकुममा एक सय ३२, जुम्लामा पाँच, दैलेख र बैतडीमा तीन/तीन तथा सल्यान र रोल्पामा एक/एक गरी दुई सय ५७ जना घाइते भएका छन् । सामान्य घाइते उपचारपछि घर फर्किएका छन् भने केहीको आधारभूत र जिल्ला अस्पतालमा उपचार भइरहेको छ । गम्भीर घाइतेको सुर्खेत, नेपालगञ्ज र काठमाडौँमा उपचार भइरहेको छ । प्रभावित क्षेत्रमा आज शव बुझ्ने, दाहसंस्कार गर्ने तथा पीडितलाई अत्यावश्यक राहत सामग्रीलगायत पाल, कम्बल वितरणको कार्य भइरहेको तत् स्थानीय तहका पदाधिकारीले जानकारी दिनुभएको छ । जाजरकोटको छेडागाड नगरपालिका प्रमुख रत्नबहादुर खड्काले भूकम्पमा परी ज्यान गुमाएकाको शव परीक्षण गरी भेरी नदी किनारमा दाहसंस्कार गर्ने काम भएको जानकारी दिनुभयो । पाल, कम्बललगायत राहत सामग्री प्राप्त हुनेक्रम जारी रहेको उहाँले बताउनुभयो । "प्राप्त राहत सामग्री पीडितसमक्ष पुर्‍याउने काम भइरहेको छ । रेडक्रसलगायतका सङ्घसंस्थाबाट थुप्रै राहत सामग्री प्राप्त भएको छ", उहाँले भन्नुभयो, "केही वितरण गरियो, केही पुग्दैछन् ।" भेरी नगरपालिकाका उपप्रमुख सीता जैसीले जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार एकद्वार प्रणालीबाट राहत वितरण भएको जानकारी दिनुभयो । वडा कार्यालयबाट क्षतिको तथ्याङ्कअनुसार राहत वितरण गरिएको उहाँको भनाइ छ । "ओढ्ने, ओछ्याउने र खाद्यान्नलगायत राहत सामग्री वितरण गरियो, राहत बुझ्ने र मृतकको दाहसंस्कार गर्ने काम भइरहेको छ ।" बारेकोट गाउँपालिकाका उपाध्यक्ष नरबहादुर गिरीले उद्धारका काम निरन्तर भइरहेको जानकारी दिनुभयो । "प्रभावितको स्वास्थ्य अवस्थालाई ध्यान राखी चिकित्सकको टोली परिचालित गरिएको छ, थप वस्तुस्थिति बुझी विपद् व्यवस्थापन समितिको बैठक बसेर बजेटसहितको निर्णय गर्ने तयारीमा छौँ ।" भूकम्पबाट घर क्षति भएका नागरिकलाई तत्काल बसोबासका लागि सार्वजनिकस्थल, विद्यालयलगायतका स्थानमा व्यवस्था गरिएको उहाँको भनाइ छ । "ग्रामीण वस्ती र सामाजिक सम्बन्ध राम्रो भएका कारण धेरैले पीडितलाई आश्रय प्रदान गरेको अवस्था छ", उहाँले भन्नुभयो ।
कुर्शे गाउँपालिकाका उपाध्यक्ष देविका सिंहले प्रारम्भिक राहतका सामग्री दाल, चालम, चाउचाउ, च्यूरा, कम्बल, त्रिपाल वितरण गरिएको जानकारी दिनुभयो । मृतकको शव प्रक्रिया पुर्‍याएर अन्त्येष्टि गरिएको उहाँको भनाइ छ । "सामान्य घाइतेको चिकित्सकले उपचार गरिरहनुभएको छ", उहाँले भन्नुभयो ।

## गण्डकी प्रदेशले भुकम्प पीडितकालागि १ करोड दिने

**पोखरापत्र संवाददाता**

पोखरा, १९ कार्तिक

गण्डकी प्रदेशले जाजरकोट केन्द्रबिन्दु भएर गएको भुकम्प प्रभावितहरुलाई सहयोग गर्न कर्णाली प्रदेश सरकारलाई १ करोड रुपैयाँ उपलब्ध गराउने भएको छ ।

आईतवार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले भुकम्प पीडितको खोज, उद्धार तथा राहत प्रयोजनकालागि गण्डकी प्रदेश सरकारको तर्फबाट कर्णाली प्रदेश सरकारलाई एक करोड सहयोग गर्ने निणर्य गरेको हो । 'भुकम्पले कर्णाली प्रदेशमा ठुलो मानवीय र भौतिक क्षति भयो, एउटा प्रदेशका नागरिकलाई विपद् पर्दा अर्कोले सहयोग गर्नुपर्छ भनेर हामीले एक करोड दिने निर्णय गरेका हौँ' गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भने । शुक्रवार राती भुकम्प गएको र शनिवार बिहानै भुकम्प प्रभावितको उद्धार र उपचारका



प्रदेश सरकारले औषधी सहित विषेशज्ञ चिकित्सकको टोली पठाएको मुख्यमन्त्री पाण्डेले बताए । 'स्वास्थ्यकर्मी सहितको टोली भुकम्प प्रभावित क्षेत्रमा पुगेर उपचार गराईरहनुभएको छ' उनले भने 'हामीले हाम्रो तर्फबाट सक्दो सहयोग गरिरहेका छौँ ।' मन्त्रिपरिषद् बैठकले भुकम्पका कारणले मृत्यू हुने कर्णालीवासी नागरिक प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदन र घाईतेको सिघ्र स्वास्थ्य लाभको कामना समेत गरेको छ । भुकम्प पीडितको उद्धार उपचारमा गण्डकी प्रदेश सरकारले औषधी सहित विषेशज्ञ चिकित्सकको टोली शनिवार नै कर्णाली प्रदेशको भुकम्प प्रभावित क्षेत्रमा पठाएको थियो ।

## भूकम्प प्रभावितलाई कास्की रेडक्रसको राहत

**पोखरापत्र संवाददाता**

पोखरा, १९ कार्तिक

जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई नेपाल रेडक्रस सोसाइटी कास्कीले राहत पठाएको छ ।

रेडक्रसको आइतबार बसेको पदाधिकारीको बैठकको निर्णयअनुसार दुवै जिल्लाका प्रभावितको लागि रु एक/एक लाखको दरले राहत पठाइएको मन्त्री सुरेन्द्र गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल रेडक्रस सोसाइटी जाजरकोट शाखा तथा रुकुम पश्चिम शाखामार्फत राहत पठाइएको हो । सोसाइटीका कार्यवाहक सभापति धर्मराज अधिकारीको अध्यक्षतामा बसेको बैठकले रेडक्रसको आधारभूत सिद्धान्त, मूल्य र मान्यताका आधारमा भूकम्प प्रभावितको लागि आवश्यक सहयोगको लागि जुट्न रेडक्रसका उपशाखा तथा निकाय, स्वयंसेवक तथा कर्मचारीलाई अपिल गरेको छ ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले जाजरकोटको बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रबिन्दु भई गएको भूकम्पबाट प्रभावित समुदायको खोज, उद्धार तथा राहतमा जुट्न रेडक्रसका सबै निकायलाई आग्रह गरेको छ । भूकम्प प्रभावितका लागि गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पनि राहत सामग्री पठाएका छन् । गण्डकी प्रदेश सरकारले भूकप्प प्रभावितका लागि रु एक करोड सहयोग गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को आजको बैठकले प्रभावितलाई सहयोगका लागि कर्णाली प्रदेश सरकारलाई सो रकम उपलब्ध गराउने निर्णय गरेको थियो । यसैगरी गण्डकी प्रदेश सरकारले भूकम्प प्रभावितको उद्धार र उपचारका लागि औषधिसहित विषेशज्ञ चिकित्सकको टोली पठाएको छ । प्रदेश सरकार मातहतको सङ्क्रामक तथा सरुवा रोग अस्पतालका प्रमुख डा विकास गौचनको नेतृत्वमा मेडिकल, हाडजोर्नी र एनेस्थिेसियाको विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मी र उपचार सामग्रीसहित भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा पठाएको हो । टोलीले सम्बन्धित स्थानमा पुगेर आज बिहानदेखि काम सुरु गरेको डा गौचनले बताउनुभयो । पोखरा महानगरपालिकाले पनि भूकम्प प्रभावितका लागि रु ५० लाख सहयोगको घोषणा गरेको छ। महानगरले समेत प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी सहितको उद्धार टोली पठाएको छ ।

## पश्चिमाञ्चल क्याम्पसमा कम्प्युटरबाट बिई/बिआर्क प्रवेश परीक्षा

**पोखरापत्र संवाददाता**

पोखरा, १९ कार्तिक

पोखराको लामाचौर स्थित त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पसमा पहिलोपटक कम्प्युटरमा आधारित बिई/बिआर्कको प्रवेश परीक्षा सञ्चालन गरिएको छ ।

विगत ९ बर्षदेखि काठमाडौँमा सो विषयको प्रवेश परीक्षा सञ्चालन हुँदै आएकोमा पहिलो पटक काठमाडौँ बाहिर समेत परीक्षा लिइएको हो । विसं २०७१ साल देखि इन्जिनियरिङ अध्ययन संस्थानका तत्कालिन डीन प्रा. डा. भरतराज पहारीको नेतृत्वमा प्रविधियुक्त नयाँ विधिमा आधारित प्रवेश परीक्षाको शुरुवात गरिएको थियो । पोखरामा पहिलोपटक प्रवेश परीक्षा सञ्चालन गर्न पाउँदा खुशी लागेको पश्चिमाञ्चल क्याम्पसका प्रमुख निर्मल बरालले बताउनुभयो । उहाँले आगामी दिनमा कम्प्यूटर ल्याबहरुको क्षमता बढाउँदै थोरै सिफ्टमा प्रवेश परीक्षा सम्पन्न गर्ने प्रतिबद्दता व्यक्त गर्नुभयो । क्याम्पस प्रमुख बरालले भन्नुभयो,"पहिलो पटक प्रवेश परीक्षा सञ्चालन गर्न पाउँदा क्याम्पस प्रशासन अत्यन्त आभारी र खुशी छ । परीक्षा सञ्चालनमा सहभागी भइ सहयोग


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## गण्डकीमा वैकल्पिक विद्युत् प्रसारण लाइन

**पोखरापत्र संवाददाता**

पोखरा, १९ कार्तिक

गण्डकी प्रदेशमा विद्युत् आपूर्तिको गुणस्तर सुधार गर्ने र धौलागिरि क्षेत्रका आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय प्रणालीमा आबद्ध गराउने वैकल्पिक प्रसारण लाइन बनाउन थालिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले निर्माण सुरु गरेको कुश्मा-तल्लोमोदी-नयाँमोदी १३२ केभी प्रसारण लाइन सम्पन्न भएपछि गण्डकी प्रदेशमा विद्युत् प्रसारण लाइनको चक्र बन्ने र कालीगण्डकी करिडोरको वैकल्पिक हुने जनाएको छ ।

आयोजना प्रमुख रोशन अग्रवालले म्याग्दी, बागलुङ, पर्वत र मुस्ताङमा निर्माण भएका तथा निर्माणका क्रममा रहेका विद्युत् आयोजनालाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन र यस क्षेत्रमा विद्युत् आपूर्तिको गुणस्तर सुधार गर्न प्रसारण लाइनको चक्र बनाउन लागिएको बताउनुभयो । "कालीगण्डकी करिडोरअन्तर्गत दुई सय केभी क्षमताको दाना-खुर्कोट-न्यू बुटवल जोड्ने प्रसारण लाइन हालै निर्माण सकिएको छ, यो लाइनको कनेक्टर भरतपुर सवस्टेशनसँग हुन्छ, हामीले खुर्कोटदेखि नयाँ मोदी नयाँ लाइन बनायौँ भने खुर्कोट-न्यू बुटवल-भरतपुर-दमौली-लेखनाथ-घाचोक-नयाँमोदी विद्युत् प्रसारण लाइनको चक्र बन्छ", उहाँले भन्नुभयो, "कालीगण्डकी करिडोरको लाइनमा समस्या आउँदा नयाँ मोदी हुँदै र मोदीको लाइनमा समस्या आउँदा खुर्कोट-न्यू बुटवलको प्रसारण लाइनबाट विद्युत् आपूर्ति गराउन सकिने विकल्प हुन्छ ।" प्रसारण लाइनको चक्र भएपछि विद्युत् आपूर्ति नियमित भई गुणस्तर सुधार हुने, आयोजना पूर्ण क्षमतामा सञ्चालन हुने र आपूर्तिका कारणले विद्युत् खपत कम भई प्राधिकरणले क्षतिपूर्ति तिर्नुपर्ने समस्या हट्ने आयोजना प्रमुख अग्रवालले बताउनुभयो ।

खुर्कोट-न्यू बुटवल लाइन निर्माण पूरा नहुँदासम्म खुर्कोटदेखि मोदी हुँदै न्यू मोदी जोड्ने सिङ्गम सर्किटको प्रसारण लाइनबाट विद्युत् आपूर्ति गराउँदा म्याग्दी र मुस्ताङका जलविद्युत् आयोजना पूर्ण क्षमतामा चल्न सकेका थिएनन् । खुर्कोटदेखि मोदीसम्म छ दशमलव दुई किलोमिटर दूरीको प्रसारण लाइनको 'सिङ्गल सर्किट'लाई 'डबल सर्किट'को बनाउने र तल्लो मोदीदेखि नयाँ मोदी नौ किलोमिटर दूरीको डबल सर्किटको नयाँ प्रसारण लाइन बनाउने आयोजना प्रमुख अग्रवालले बताउनुभयो ।

तल्लो मोदीदेखि नयाँ मोदी जोड्ने प्रसारण लाइनका लागि ३७ वटा टावर रहने जग्गाको मुआब्जा वितरणको तयारी गरिएको छ । कुश्मा-तल्लोमोदी-नयाँमोदी प्रसारण लाइन निर्माणका लागि कस्मिक इलेक्ट्रिकल लिमिटेडसँग गत हप्ता रु ३५ करोडमा ठेक्का सम्झौता भएको आयोजनाका इञ्जिनियर सुरुङ गुरुङले बताउनुभयो । उहाँका अनुसार ठेक्काको अवधि २१ महिनाको छ ।


**चाडपर्वको बेला सुरक्षित यात्रा गरौ।**

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,**

- ◆ पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- ◆ सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- ◆ सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- ◆ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- ◆ सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- ◆ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- ◆ दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**

**नयाँबजार, पोखरा**

**फोन नं. : ०६१-५७०६५१**

# 'दु:खको कारण मन'

**पोखरापत्र संवाददाता**
पोखरा, १९ कार्तिक

विकासानन्द फाउन्डेसन विश्व परिवार कास्कीद्वारा शनिबार आयोजित ज्ञान योग, ध्यान तथा साधना शिविरबाट सयौँले लाभ लिएका छन् ।

शिविरमा डा योगी विकासानन्दले आत्मजागरण प्रवचनसँगै स्वासक्रिया साधना, ध्यान साधना, शक्तिपात साधनालगायत विभिन्न योगासनबारे प्रशिक्षण दिनुभएको थियो । उहाँले संसारका सबै दुःखको कारण मन भएकाले मनलाई वशमा राख्न सक्ने मान्छे नै जीवनमा सफल हुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "स्वस्थ र तनावमुक्त जीवन बिताउन योग र ध्यान साधनाको मार्ग पछ्याउनुपर्छ । शारीरिक, मानसिकसँगै सामाजिक स्वास्थ्यका लागि पनि योग जरुरी छ । शरीर, आत्म र मस्तिष्क शुद्धीका लागि हरेकले योग साधनालाई अपनाउनुपर्छ ।"

आधुनिक समाजमा डर, चिन्ताजस्ता समस्याबाट मानिस आक्रान्त बनेको उहाँको भनाइ थियो । डरलाई जित्न ध्यान साधनासँगै सकारात्मक सोच र सङ्कल्प चाहिने डा विकासानन्दले बताउनुभयो । पछिल्लो समय नसर्ने रोग जटिल समस्याका रूपमा देखापरेको भन्दै उहाँले त्यसबाट बच्न ध्यान र योगसाधनामा जोड दिनुभयो । शिविरको शुभारम्भ गर्नुहुँदै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले आध्यात्मिक चिन्तनका माध्यमबाट वैयक्तिक र सामाजिक रुपान्तरण सम्भव रहेको धारणा राख्नुभयो । उहाँले धार्मिक तथा आध्यात्मिक पर्यटनका हिसाबले पनि पोखराको प्रवर्द्धन भइरहेको बताउनुभयो । डा विकासानन्दले पोखरामै आश्रम स्थापना गरेर सुरु गरेको आध्यात्मिक जागरण अभियानमा महानगरले सहयोग गर्ने प्रमुख आचार्यले जानकारी दिनुभयो । "आजको यो ध्यान साधना शिविरमा पनि महानगर प्रवर्द्धकको भूमिकामा रहेको छ", उहाँले भन्नुभयो, "योग, ध्यान तथा आध्यात्मिकज्ञानरसीपकोसंरक्षणमामहानगर सधैँ साथमा रहन्छ ।" फाउन्डेसनका संयोजक धना पुनले मानिसमा सकारात्मक सोच, चिन्तनको अभिवृद्धि गराई जीवनशैली परिवर्तनमासहयोगपुर्‍याउनशिविरको आयोजना गरिएको बताउनुभयो । उहाँले पछिल्लो समयमा व्याप्त हुँदै गएको मानसिक तथा मनोवैज्ञानिक समस्याबाट मुक्त हुन योग साधनाले ठूलो मद्दत गर्ने उहाँको भनाइ छ । शिविरमा जीवन जिउने असल तरिकाबारे पनि डा विकासानन्दले सहभागीलाई प्रशिक्षित गर्नुभएको थियो । शिविरमा मनको शक्ति प्रदर्शन, शक्तिपात प्रदर्शन, हावा ध्यान, सामूहिक शक्ति जाँचलगायतका अभ्यास गराइएको थियो ।

# सेल्फ ट्यालेण्ट राउण्डमा मिस मगर प्रतियोगीका विभिन्न प्रस्तुति

**पोखरापत्र संवाददाता**
पोखरा, १९ कार्तिक

छैठौं संस्करणको मिस मगर नेपाल-२०२३ का अन्तिम १० प्रतिस्पर्धीले सेल्फ ट्यालेण्ट राउण्डमा आ-आफ्ना विभिन्न प्रस्तुती राखेका छन् ।

शनिबार होटल पोखरा ग्राण्डमा आयोजित सेल्फ ट्यालेण्ट राउण्ड कार्यक्रममा अधिकांशले नृत्य प्रस्तुत गरे भने केही कविता वाचन, अभिनय र विषयगत प्रस्तुती राखे । पूर्वको उदयपुरदेखि पश्चिमको सुर्खेतसम्मका मिस मगर नेपालका प्रतियोगीले आ-आफ्ना अन्तरनिहित प्रतिभा प्रस्तुत गरेका हुन् । सेल्फ ट्यालेण्ट राउण्डको प्रमुख निर्णायकमा मेजन पुन, निर्णायकत्रयमा गोविन्द पुन, शान्ति श्रीस र दिलीप राना रहनुभएको थियो । कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक बुद्धिराज गुरुङले अहिलेका युवा पुस्तालाई विदेश पलायन हुने सपना नदेख्न सुझाव दिनुभयो । आफ्नै देशमा बसेर केही गर्ने सोंच बनाउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पैसालाई मात्रै सबैथोक ठान्न नहुने धारणा व्यक्त गर्नुभयो । आफ्नो मातृभाषा, संस्कार, संस्कृतिबारे युवा पुस्तालाई सचेत बनाउने उद्देश्यले मिस मगरको आयोजना गरेकोमा खुशी लागेको जनाउँदै प्रहरी नायब महानिरीक्षक गुरुङले मगर समुदायलाई नीति निर्माण तहमा पुर्‍याउन स्वदेशमै बस्ने वातावरण बनाउनुपर्ने बताउनुभयो ।



नेपाल मगर संघका केन्द्रीय कोषाध्यक्ष पूर्णबहादुर रानाले मगर समुदायको पहिचानलाई स्थापित गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने बताउँदै युवा पुस्तामा आफ्नो पहिचानप्रति चासो जगाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । नेपाल मगर संघ, गण्डकी प्रदेशकी अध्यक्ष तारामाया थापाले मिस मगर प्रतियोगीहरूलाई देशको नेतृत्व गर्ने जनशक्ति बन्ने गरी अघि बढ्न शुभकामना दिनुभयो । नेपाल मगर संघ, कास्कीका सचिव लालबहादुर रानाले मगर समुदायको हितमा हुने कार्यका लागि नेपाल मगर संघ सधैं साथमा रहेको धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा मिस मगर नेपालका कार्यक्रम निर्देशक सुरज थापाले कार्यक्रमका बारेमा बोल्नुभएको थियो भने मिस मगर नेपालका निर्देशक तथा नेपाल मगर संघ, कास्कीका संस्कृति बिभाग प्रमुख शिव थापाले स्वागत गर्नुभएको थियो । कार्यक्रम संयोजक रूद्रबहादुर श्रीसको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन मिस मगर नेपाल २०२२ की थर्ड रनरअप तथा कोरियोग्राफर प्रियंका गर्बुजाले गर्नुभएको थियो । "मगर भाषा, संस्कृतिको उत्थान, प्रतिभाको प्रस्फुटन, हाम्रो अभियान" भन्ने मूल नाराका साथ एसटी क्रियशनद्वारा आयोजित छैठौं संस्करणको मिस मगर नेपालको ग्राण्ड फिनाले भने यही कात्तिक २४ गते होटल पोखरा ग्राण्डीमै भव्य साँस्कृतिक कार्यक्रम सहित हुने कार्यक्रम संयोजक रूद्रबहादुर श्रीसले जानकारी दिनुभयो । सोल फेशन काठमाण्डौ र आई.एफ.सी. फेशन कलेज पोखराद्धारा निर्माण गरिएको कलात्मक पोशाकमा सजिएर उत्कृष्ट १० प्रतियोगिहरुले करिब एक महिना सम्म सिकेका कुराहरुलाई ग्राण्ड फिनालेमा प्रस्तुत गर्दैछन् । सुस्मिता पुन, सनम गर्बुजा, मिलन थापा र प्रियंका गर्बुजाको कोरियोग्राफी रहने मिस मगर नेपाल २०२३ को अन्तिम प्रतिस्पर्धीका रुपमा बबिता बाकाबल, विनु राना, दिवा पाइजा, एलिना थापा, चिना पुन, दीक्षा थापा, सलिना राना, उमा पुन, कविता थापा र खगी थापा रहेका छन् ।

# पोखरा महानगरपालिद्वारा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ कार्तिक

पोखरा महानगरले जाजरकोट र रुकुम पश्चिमका भूकम्पका घाइतेको उपचारका लागि औषधिसहित राहत सामग्री पठाएको छ ।

पोखरा महानगरपालिका-७ का वडाध्यक्ष राममोहन आचार्यको नेतृत्वमा चिकित्सकसहित १७ जनाको राहत टोली मध्यपहाडी लोकमार्ग हुँदै भूकम्प प्रभावित क्षेत्रमा गएको हो ।

"स्वास्थ्यकर्मी, नगर प्रहरीसहितको हाम्रो टोली आजै बेलुकासम्म भूकम्प प्रभावित रुकुम पश्चिम र जाजरकोट पुगिसक्छ", उहाँले भन्नुभयो, "औषधि, त्रिपाल, कम्मल, लत्ताकपडालगायत राहत सामग्रीलिएरहामीत्यसतर्फजाँदैछौँ ।" महानगरले भूकम्प प्रभावित क्षेत्रमा रु ५० लाखको सहयोगसमेत घोषणा गरेको छ। महानगरका जनप्रतिनिधिले एक महिनाबराबरको पारिश्रमिक भूकम्प प्रभावितको राहत कोषमा प्रदान गर्ने निर्णय गरेको वडाध्यक्ष आचार्यले जानकारी दिनुभयो । शनिबार नै गण्डकी प्रदेश सरकारले पनि आपत्कालीन मानवीय सहायताका लागि चिकित्सकसहितको उद्धार टोली भूकम्प प्रभावित क्षेत्रमा पठाएको थियो ।

पोखरास्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालका प्रमुख डा विकास गौचनको नेतृत्वमा विशेषज्ञ चिकित्सकसहित औषधि र स्वास्थ्य सामग्री रुकुम पश्चिम र जाजरकोट पठाइएको प्रदेश सरकारले जनाएको छ । गण्डकी प्रदेशका अन्य निकाय र स्थानीय तहले पनि भूकम्प प्रभावितको उद्धार तथा राहत सहयोगमा सकेजति हातेमालो गरिरहेका छन् । बागलुङको बडिगाड गाउँपालिकाले चिकित्सकसहित स्वास्थ्य सहायताका सामग्री भूकम्प प्रभावित क्षेत्रमा पठाएको छ । स्वास्थ्य शाखा प्रमुख विपेन्द्र केसीको नेतृत्वमा औषधिसहित स्वास्थ्यकर्मीको टोली रुकुम पश्चिम र जाजरकोट पठाइएको गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले बताउनुभयो ।

उक्त टोली आइतबार बिहान भूकम्पबाट अतिप्रभावित रुकुम पश्चिमको आठबीसकोट नगरपालिकामा पुगेर भूकम्पमा परी घाइते भएकाको उपचारसहित मानवीय सहायतामा जुटेको उहाँको भनाइ छ । "राष्ट्रिय विपद्का बेला सहयोग गर्नु मानवीय धर्म र कर्तव्य हो हामीले त्यसैलाई सक्दोरूपमा निभाएका हौँ", गाउँपालिका अध्यक्ष अधिकारीले भन्नुभयो, "सबैले सहयोगको हात फैलाऔँ, भूकम्पबाट प्रभावितको घाउमा मलमपट्टी लगाऔँ, राज्यले पनि राहत तथा पुनःस्थापनाको ठोस योजना ल्याउन ढिलाइ गर्नु हुँदैन ।" नवलपुरको मध्यविन्दु नगरपालिकाले पनि भूकम्प प्रभावितका लागि रु दुई लाख सहयोग गर्ने निर्णय गरेको छ। अन्य स्थानीय तहले पनि राहत सहयोग जुटाउन पहल गरिरहेका छन् । सामाजिक सङ्घसंस्था र जनस्तरबाट समेत भूकम्प प्रभावितका लागि सहयोग सङ्कलन सुरु भएको छ । गण्डकी प्रदेशसभा सदस्य डिल्लाराम सुवेदीले आफ्नो एक महिनाको पारिश्रमिक भूकम्प प्रभावित क्षेत्रमा सहयोग गर्ने हुनुभएको छ ।

भूकम्प प्रभावितको राहत तथा पुनःस्थापनाका लागि सरकारले स्थापना गरेको राहत कोषमा उक्त रकम प्रदान गर्ने प्रदेशसभा सदस्य सुवेदीले बताउनुभयो । शुक्रबार राति जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पमा परी जाजरकोट र रुकुमपश्चिमका एक सय ५७ जनाले ज्यान गुमाएका छन् । भूकम्पमा परी दुई सयभन्दा बढी घाइते भएका छन् भने स्थानीयवासीका हजारौँ घरगोठलगायत भौतिक संरचनामा अकल्पनीय क्षति पुगेको छ ।

# मूल्य घटेपछि च्याउ उत्पादक किसान मर्कामा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ कार्तिक

उत्पादित च्याउको बजार मूल्य अत्यधिक मात्रामा घटेपछि कास्कीका च्याउ किसान मर्कामा परेका छन् ।

च्याउ उत्पादन वृद्धिसँगै मूल्यमा आएको भारी गिरावटका कारण कास्कीमा व्यावसायिक च्याउखेती गर्ने किसान मर्कामा परेका हुन् । डेढ महिनाअघि प्रतिकिलो रु दुई सय बजार मूल्य रहेको कन्य च्याउको मूल्य यतिबेला घटेर प्रतिनकिलो रु ६० पुगेको छ । पोखरा बजारमा बढी मात्रामा उपभोक्ताले उपभोग गर्ने च्याउ कन्य नै हो । चिसो मौसममा च्याउको उत्पादन पनि बढी हुने गर्छ । किसानले उतपादन गरेको कन्य च्याउ पोखरा बजारमा दैनिक चार हजार किलो बिक्री हुने गर्छ । कास्कीमा व्यावसायिक च्याउखेती गर्ने किसानको सङ्ख्या २० र बाहिरबाट पनि केहीमात्रामा च्याउ आयात हुने गरेको छ । पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले किसानको उत्पादन गरेको च्याउ र सिमीको मूल्य यतिबेला अत्यधिक मात्रामा घटेपछि किसानको लागत मूल्यसमेत उठ्न नसकेको बताउनुभयो । पोखरा-१९ लामाचौरका च्याउ उत्पादक किसान सन्दीप क्षेत्रीले एक किलो च्याउ उत्पादन गर्न लागत मूल्य रु एक सय ३० लाग्छ तर प्रतिकिलो ६० मा बिक्री गर्नुपर्दा च्याउ किसानको लगानी सिधै डुब्ने अवस्थामा पुगेको बताउनुभयो । रु १४ लाखको लागतमा छ रोपनी जग्गामा उत्पादन गरेको च्याउले बजार नपाउँदा आफूले ठूलो नोक्सानी व्यहोर्नुपरेको उहाँले बताउनुभयो । "पोखरामा च्याउको मूल्य चार वर्षयताकै न्यून हो", क्षेत्रीले भन्नुभयो, "च्याउ उत्पादक किसानको सङ्ख्या पनि बढ्दै जानु, च्याउ उत्पादन गर्ने अनुकूल मौसम र दसैं पर्व पछाडि अर्थात् च्याउ उत्पादन बढी हुने समयमा पर्दा उपभोक्ताले मासु खाइदिँदा च्याउको माग घटेसँगै मूल्यमा पनि गिरावट आएको हो ।" महानगरपालिकामा सूचीकृत किसानले उत्पादन गरेको च्याउको न्यूनतम समर्थन मूल्य तोकिदिएका कारण च्याउ किसान विस्थापित नै हुनुपर्ने अवस्थामा भने छैन । महानगरले पोखरामा च्याउको समर्थन मूल्य रु एक सय ३० तोकेको छ । गत वर्ष महानगरले पोखरामा च्याउको न्यूनतम समर्थन मूल्य रु एक सय ५० तोकेको थियो । यस वर्ष रु २० घटाएर रु एक सय ३० कायम गरिएको कृषि महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो । लागत मूल्यलाई आधार बनाएर न्यूनतम समर्थन मूल्य तोकिएको उहाँले बताउनुभयो । "समर्थन मूल्यभन्दा कम मूल्यमा किसानले च्याउ बेचेमा त्यसमा थपेर समर्थन मूल्य बराबर महानगरले रकम उपलब्ध गराउँछ", कडरियाले भन्नुभयो, "समर्थन मूल्यका कारण च्याउखेतीबाट विस्थापित हुने स्थिति आउँदैन, न्यूनतम समर्थन मूल्यबापतको रकम लिन पनि सजिलो छ ।"

## पश्चिमाञ्चल ...

गर्नुहुने शिक्षक, कर्मचारी र आवेदन दिई पश्चिमाञ्चल क्याम्पसलाई आफ्नो परीक्षा केन्द्र बनाउने सबै विद्यार्थीहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।" संस्थानका डिन प्रा. डा. शशीधर राम जोशीले प्रवेश परीक्षालाई आङ्गिक क्याम्पसहरुबाट पनि सञ्चालन गर्न बिकेन्द्रिकरणको नीति अपनाए संगै पहिलो पटक पश्चिमाञ्चल क्याम्पसमा प्रवेश परीक्षा सञ्चालन भएको हो । इन्जिनियरिङ अध्ययन संस्थानले यही कार्तिक १४ गते देखि दैनिक चार सिफ्टमा कम्प्यूटर प्रविधिमा आधारित बिई/बिआर्क प्रवेश परीक्षा काटमाडौं केन्द्रमा सञ्चालन गरिरहेको छ छ ।


त्यसैगरी कात्तिक १६ गतेदेखि पश्चिमाञ्चल क्याम्पस, पोखरामा समानान्तर रुपमा सञ्चालन भइरहेको हो । पश्चिमाञ्चल क्यान्पसको रिसर्च तथा इनोभेसन भवनको ३ वटा आधुनिक कम्प्यूटर ल्यावहरुमा पहिलो र दोस्रो दिनको पाँच सिफ्टको परीक्षा सफलतापूर्वक सम्पन्न भइसकेको छ । यो परीक्षा कार्तिक १९ गेतसम्म जम्मा १२ सिफ्टमा सम्पन्न हुनेछ क्याम्पसले जनाएको छ । काठमाडौं केन्द्रमा प्रतिसिफ्टमा तीन सय ५० जनाले र पोखरा केन्द्रमा प्रति सिफ्टमा ६० जनाले कम्प्यूटरमा आधारित प्रवेश परीक्षामा सामेल भइरहेका छन् । पूर्ण सुरक्षित वातावरणमा परीक्षा सञ्चालन भइरहेको र पश्चिमाञ्चल क्याम्पसमा सञ्चालन भइरहेको प्रवेश परीक्षाको पनि काठमाडौं केन्द्रबाटै प्राइभेट नेटवर्क र सिसिटिभी मार्फत प्रत्यक्ष अनुगमन भइरहेको बोर्डका अध्यक्ष तथा सहायक डिन प्राडा सुशीलबहादुर बज्राचार्यले बताउनुभयो । उहाँका अनुसार पहिलो पटक प्रविधिलाई बिस्तार गरी सफलतापूर्वक परीक्षा सञ्चालन गरिएको हो । परीक्षार्थीहरुले अनलाईनबाटै आवेदन दिएर प्रवेशपत्र डाउनलोड गरी भौतिक रुपमा ल्यावमा उपस्थित भई परीक्षा दिएका छन् । पहिलो पटक पश्चिमाञ्चल क्याम्पसमा सात सय १ जना परिक्षार्थीहरु प्रवेश परीक्षामा सामेल भइरहेका छन् । आवेदन दिएका परीक्षार्थीहरु मध्य इन्जिनियरिङ अध्ययन संस्थानका पाँच वटा आङ्गिक क्याम्पसमा दुई हजार ४० जना र सम्बन्धनप्राप्त कलेजहरुमा दुई हजार ३ सय ४ जना गरी जम्मा चार हजार ३ सय ४४ जना बिद्यार्थीहरुले प्रति वर्ष इन्जिनियरिङ्ग अध्ययन गर्न पाउँछन् । संस्थानले यस प्रवेश परीक्षा भाद्र २५ गतेदेखिनै सञ्चालन गर्ने कार्यतालिका प्रकाशन गरेको थियो, तर उक्त सूचना सहित बिद्यार्थी भर्नाको शुल्क बृद्दिको पनि निर्णय सार्वजनिक गरेसंगै बिद्यार्थी नेतृत्वबाट बिरोध शुरु भएकाले प्रवेश परीक्षा सञ्चालन अवरुद्ध भएको थियो ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान** :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

